# प्रेस बिज्ञप्ति

अर्थमन्त्री डा. युवराज खतिवडा एसियाली विकास वैंकको ५२ औं वोर्डस अफ गभर्नरको वार्षिक बैठकमा सहभागी भई स्वदेश फर्किनु भएको छ । बैठकमा सहभागी हुने सिलसिलामा अर्थमन्त्री डा. खतिवडाले विभिन्न मुलुक तथा वित्तीय संस्थाका विशिष्ट पदाधिकारीहरुसंग भेटवार्ता गरी नेपालको पछिल्लो आर्थिक अवस्थाको बारेमा जानकारी गराउनुका साथै द्विपक्षीय तथा बहुपक्षीय सहयोगको बारेमा छलफल गर्नु भएको थियो ।

उक्त अवसरमा अर्थमन्त्री डा. खतिवडा र एसियाली विकास बैंकका अध्यक्ष ताकेहिको नकाओको बीच फिजीको नादीमा द्विपक्षीय बैठक सम्पन्न भएको थियो । बैठकमा अर्थमन्त्री खतिवडाले नेपालको वर्तमान सरकार उच्च आर्थिक बृद्धिदरको बाटोमा अघि बढेको, मुद्रास्फिति नियन्त्रणमा रहेको, पुनर्निर्माणमा उल्लेख्य प्रगति भइरहेको तथा एडिविको सहयोगका आयोजनाहरुको प्रगति सन्तोषजनैक रहेको तथा उच्च आर्थिक बृद्धिदर कायमै राख्न सार्वजनिक र निजी दुवै क्षेत्रमा थप लगानीका लागि स्रोत परिचालन गर्नु परेको बिषयमा अवगत गराउनु भएको थियो । उहाँले उच्च आर्थिक बृद्धिको पथमा गईरहेको, आयात बढेको र व्यापार सन्तुलनमा चाप परेको भएता पनि मुलुकको अर्थतन्त्र दिगो आर्थिक बृद्धि र स्थायित्वको बाटोमा अगाडी बढिरहेको स्पष्ट पार्नुभयो ।

सो अवसरमा एशीयाली विकास बैंकका अध्यक्ष नकाओले मन्त्री खतिवडालाई राष्ट्र वैंकको गभर्नर हुँदा भेट गरेको प्रसंग उल्लेख गर्दै गभर्नरका हैसियतमा त्यसवेलामा ब्यक्त गरेका विचारहरु अहिले पनि स्मरणीय रहेको बताउनु भएको थियो । नेपालले राजनीतिक तहमा गर्नु पर्ने कार्यहरु पुरा गरिसकेको र आर्थिक तथा सामाजिक विकासका परिसूचकहरुमा पनि राम्रो प्रगति गर्दै अगाडी बढिरहेको र भुकम्पपछिको पुर्ननिर्माणको लागि भएको अन्तर्राष्ट्रिय दाता सम्मेलनमा आफू सहभागी भएको स्मरण गराउनु भएको थियो ।

अर्थमन्त्रीले शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, स्वच्छ वातावरण, सामाजिक संरक्षण लगायत संविधानमा व्यवस्था भएका मौलिकहकहरुको कार्यान्वयन गर्न सरकारले उल्लेख्य लगानी बढाउर्नु पर्ने भन्दै बैंकलाई थप सहयोगको लागि आग्रह गर्नु भयो । नेपाल दुई बर्षभित्र अति कम विकसित राष्ट्रको अवस्थावाट स्तरोन्नती हुने सम्भावनाको सन्दर्भ उल्लेख गर्दै अर्थमन्त्री डा. खतिवडाले केही वर्ष त्यसको दिगोपना हेर्नु पर्ने भएकोले र त्यतिञ्जेलसम्म बैंकले हाल प्रदान गरिरहेको सहुलियतपूर्ण कर्जाको सुविधालाई निरन्तरता प्रदान गर्नका लागि समेत आग्रह गर्नु भएको थियो ।

यसैगरी एसियाली विकास बैंकका उपाध्यक्ष तथा अन्य उच्च पदस्थ अधिकारीहरुसंग भएको छुट्टाछुट्टै द्विपक्षीय बैठकमा अर्थमन्त्री डा. युवराज खतिवडाले नेपालको निजी क्षेत्रको विकासको लागि बैंकले खेलेको भूमिकाको लागि धन्यवाद दिनुभयो । उहाँले भेटमा दीर्घकालिन लगानीको लागि स्रोत जुटाउन लामो समयदेखि छलफलमा थाती रहेको स्थानीय मुद्रामा ऋणपत्र जारी गर्ने विषयमा आवश्यकता अनुसार अघि बढ्ने बताउनुभयो ।

बैठकको सिलसिलामा फिजीको नादीमा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)का अर्थमन्त्रीहरुको तेह्रौ बैठककोअध्यक्षता समेत गर्नुभयो । सो बैठकलाई सम्बोधन गर्दै उहाँले दक्षिण एसियाको आर्थिक विकास मार्फत जनताको कल्याण र सम्बृद्धिको लागि यस क्षेत्रको आर्थिक अन्तरनिर्भरता अत्यावश्यक भएको बताउनु भयो । सो बैठकमा सार्क विकास कोषको कार्य प्रगति तथा आगामी दिनहरुमा कोषको सञ्चालनमा प्रभावकारिता ल्याउनुपर्ने विषयमा समेत उहाँले आफ्नो धारणा राख्नु भएको थियो । त्यसैगरी, सार्क विकास कोषको बैठकमा पनि अर्थ मन्त्री सहभागी हुनु भएको थियो । दक्षिण एसिया विश्व आर्थिक बृद्धिको केन्द्र भएको र विश्व अर्थतन्त्रमा यस क्षेत्रले लगातार राम्रो प्रभाव जमाउँदै आएको भएतापनि अन्तरदेशीय सडक सञ्जाल र अन्तरआवद्धता बढाउन नसक्दा अन्तरदेशीय व्यापारको हिस्सा तीन गुणा भन्दाबढी बढाउन सकिने संभावना भए पनि पाँच प्रतिशत भन्दा माथि पुग्न नसकेको धारणा राख्नुभयो । दक्षिण एसियाको समग्र आर्थिक स्थायित्वको चर्चा गर्दै नेपालले ईतिहासमै लगातार तेस्रो बर्षसम्ममा औषत ७ प्रतिशत आर्थिक बृद्धि हासिल गर्न सफल भएको भन्दै उहाँले लगातार उच्च आर्थिक बृद्धि हासिल गरिरहँदा ब्यापार घाटा र बाह्य क्षेत्र सन्तुलनमा चाप पर्नु स्वभाविक भएको धारणा राख्नु भएको थियो । आगामी दिनमा उच्च आर्थिक बृद्धि र बाह्य क्षेत्र सन्तुलनका बीचमा सामन्जस्यता कायम गर्न सरकारले ध्यान पुऱ्याउने जानकारी समेत दिनु भएको थियो ।

भ्रमणको सिलसिलामा युरोपियन लगानी बैंक, अन्तर्राष्ट्रिय विकासका लागि ओपेक कोष(ओफिड)र संयुक्त राज्य अमेरिकाका डिपार्टमेन्ट अफ ट्रेजरीका उच्च पदस्थ अधिकारीहरुसंग भएको वेग्ला वेग्लै द्विपक्षीय वैठकहरुमा अर्थमन्त्री डा. खतिवडाले नेपालको समग्र आर्थिक अवस्था, लगानीको आवश्यकता, लगानीको लागि अनुकुल वातावरण निर्माण गर्न गरिएका सुधारहरुको बारेमा जानकारी गराउनु भएको थियो । नेपालमा उच्च आर्थिक बृद्दिलाई निरन्तरता दिन, पूर्वाधार विकास गर्न, संघीयताको सफल कार्यान्वयन गर्न, संविधान प्रदत्त मौलिक हकहरुको कार्यान्वयन गर्न, भूकम्प पछिको पुनर्निर्माण खास गरी आवास र सार्वजनिक भवनहरुको पूनर्निर्माणको कार्य सम्पन्न गर्न र दिगो विकासको लक्ष्य हासिल गर्न सरकारलाई ठूलो राशीको लगानी आवश्यक भएकोले विकास साझेदारहरुलाई नेपालमा थप सहायता प्रदान गर्न आव्हान गर्नु भएको थियो । उहाँले नेपालको संघीयता कार्यान्वयन, पूर्वाधार निर्माण लगायत समग्र विकासको लागि आवश्यक पर्ने वित्तीय स्रोत जुटाउन आवश्यक पहल गर्नुका साथै नेपालमा लगानीको वातावरण सुधार हुदैं गएको सन्देश विश्व समुदायका सहभागीहरुलाई जानकारी दिनु भएको थियो । मुलुक संघीयता कार्यान्वयनमा सफलतापूर्वक अघि बढिरहेको बताउँदै वित्तीय संघीयताको व्यवहारिक रुपमा सफल कार्यान्वयनको प्रक्रियामा सहयोग गर्न समेत अनुरोध गर्नु भएको थियो ।

उहाँले नेपालमा लोकतान्त्रिक, स्थिर र विकासको स्पष्ट सोच भएको सरकार गठन भएकोले सहायताको पूर्ण सदुपयोग हुने विश्वास दिलाउनु भयो । अर्थ मन्त्रीसंग भएका ती वैठकहरुमा नेपालको आर्थिक बृद्धि र नेपाल सरकारले शुरु गरेका सुधारका कार्यहरु प्रति उत्साहित हुँदै विकास साझेदारका प्रतिनिधिहरुले नेपाललाई थप सहायता प्रदान गर्ने प्रतिवद्धता ब्यक्त गर्नु भएको थियो ।

यसै सिलसिलामा उहाँले Responding to Heightened Global Uncertainty विषयक Governor's Roundtable Meeting तथा Private Sector Mobilization in Challenging Markets विषयक

Governor's Plenary मा नेपालको गभर्नरको रुपमा सहभागी हुनु भएको थियो । सो अवसरमा व्यापार संरक्षण लगायतका नीतिगत, जलवायु परिवर्तनगत एवं चक्रीय प्रवृत्तिका कारण विश्वको आर्थिक वृद्धिको स्थायित्वमा अनिश्चितता आएको विषयमा छलफल भएको र एसियाली विकास बैंकले निजी क्षेत्रसंग सहकार्य गरेर सहायता परिचालन गर्दा निजी क्षेत्रको जवाफदेहिता, परिचालनको आर्थिक, सामाजिक एवं वातावरणीय पक्षलाई ध्यान दिनु पर्ने एवं लगानी जोखिम घटाउन थप कार्य गर्नुपर्ने विषयमा समेत छलफल भएको थियो । अर्थमन्त्री डा. युवराज खतिवडा यही बैशाख १७ गते फिजी तर्फ प्रस्थान गरी बैशाख २१ गते स्वदेश फर्किनु भएको हो ।

(उत्तरकुमार खत्री)
**प्रवक्ता**
**अर्थ मन्त्रालय**

**२१ बैशाख, २०७६**